
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३


# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily


रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ७ गते शनिबार ❑ 21 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कम्युनिष्टहरूको एउटै केन्द्र आवश्यक छ: प्रधानमन्त्री दाहाल

**रासस**
**काठमाडौं, ६ माघ**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालका सच्चा कम्युनिष्टको एउटै केन्द्र बनाउन आवश्यक रहेको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज नेकपा (बहुमत) का नेता धमेन्द्र बास्तोलाको नेतृत्वमा आएको टोलीसँगको छलफलमा प्रधानमन्त्रीले उक्त कुरा बताउनुभएको हो । प्रधानमन्त्रीले भन्नुभयो, "संविधानमा समाजवाद उन्मुख नेपालको व्यवस्था सामान्य अर्थमा लेखिएको होइन । नेपाली विशेषताको समाजवादी बाटोका बारेमा अहिले पनि बहस चलिरहेको छ। नेपालका सबै कम्युनिष्ट पार्टीबीच यस विषयमा छलफल सुरू भएको छ। तपाईंहरूको रचनात्मक भूमिका रहने अपेक्षा छ ।" भेटमा नेकपा (बहुमत)का नेताहरूले प्रधानमन्त्री दाहालसमक्ष राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित विभिन्न माग प्रस्तुत गरेका थिए। ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्रीले ध्यानाकर्षण गराएकोमा बास्तोला नेतृत्वको टोलीलाई धन्यवाद दिँदै सरकारको न्यूनतम साझा कार्यक्रममा ज्ञापनपत्रमा उठाइएका अधिकांश विषय समेटिएको बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "राष्ट्रिय पुँजीको संरक्षण गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि सरकार प्रतिबद्ध छ। अहिलेको परिस्थितिमा कसरी अधिकतम काम गर्न सकिन्छ भन्नेमा चनाखो छु ।" उहाँले जनयुद्ध, थारु, मधेसलगायत विभिन्न आन्दोलन र सङ्घर्षका क्रममा जेलमा रहेका बन्दीहरू रिहाइका विषयमा सरकार गम्भीर रहेको बताउनुभयो । यसअघि नै अध्यादेशमार्फत् विधेयक ल्याउने भनिएकोमा संसद् सञ्चालन भएकाले यो विषयमा अब संसदबाट नै विधेयक पास गर्ने उहाँको भनाइ छ। सो अवसरमा नेकपा(बहुमत)का नेता बास्तोलाले बन्दी अवस्थामा रहेका नेता कार्यकर्ताको रिहाइ, जनजीविकाका सवालमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनुभएको थियो। प्रधानमन्त्रीले ज्ञापनपत्रका उल्लेख भएका अधिकांश विषयको सम्बोधनका लागि सरकारको तर्फबाट आवश्यक पहल गर्ने विश्वास दिलाउनुभएको थियो।

## रास्वपाका रानामगर र कांग्रेसका यादवद्वारा उपसभामुखमा उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्नुहुने सांसद इन्दिरा रानामगरले र नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्नुहुने सांसद मुक्ताकुमारी यादवले प्रतिनिधिसभाको उपसभामुख पदमा उम्मदेवारी दर्ता गराउनुभएको छ।





रानामगरको प्रस्तावकमा रास्वपाका सोविता गौतम रहनुभएको छ भने समर्थकमा नेकपा (एमाले)का कृष्णगोपाल श्रेष्ठ, नेकपा (माओवादी केन्द्र) का नारायणी शर्मा तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्रप्रसाद लिङ्देन हुनुहुन्छ । नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्नुहुने सांसद मुक्ताकुमारी यादवको प्रस्तावकमा कांग्रेसका बद्री पाण्डे रहनुभएको छ भने समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्ला र नेकपा (एकीकृत समाजवादी) का मेटमणि चौधरी हुनुहुन्छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधिसभाको उपसभामुख पदको निर्वाचन शनिबार माघ ७ गते दिउँसो १ बजे गर्ने गरी सङ्घीय संसद् सचिवालयले बिहीबार निर्वाचन कार्यक्रमसम्बन्धी सूचना प्रकाशित गरेको थियो।

सूचनाअनुसार प्रतिनिधि सभाका कुनै सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने समय माघ ६ गते दिउँसो १ बजेदेखि अपराह्न ४ बजेसम्म निर्धारण गरिएको थियो । निर्धारित समयभित्र दर्ता भएका उम्मेदवारीको सूचनाको दर्ता क्रमानुसार सूची प्रकाशन गरिने छ । माघ ७ गते प्रतिनिधिसभाको बैठकमा उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने, उम्मेदवारीको सूचनामाथिको संक्षिप्त छलफल हुने तथा दर्ता क्रमानुसार निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची छ।

## गण्डकी विश्वविद्यालयले मुख्यमन्त्रीलाई बुझायो वार्षिक प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

गण्डकी विश्वविद्यालयले प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई शुक्रबार वार्षिक प्रतिवेदन पेस गरेको छ।

विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले मुख्यमन्त्री अधिकारीलाई उक्त प्रतिवेदन पेस गर्नुभएको हो । उक्त अवसरमा मुख्यमन्त्री अधिकारीले प्रदेश सरकार सधैँ विश्वविद्यालयको हितमा रहने बताउनुभयो । उहाँले भन्नुभयो, 'प्रतिवेदनमा भएका सबै कुरा हेरेर के गर्ने कसरी अगाडि बढ्ने भनेर भनौंला।' उहाँले जुन भावना र मर्मअनुसार विश्वविद्यालय स्थापना भएको हो त्यसैगरी काम गरेर नतिजा देखाउन आग्रह गर्नुभयो।

कुलपति प्राडा गणेशमान गुरुङले विश्वविद्यालय अन्तर्गतको पठनपाठन, अनुसन्धान, अन्वेषण, अविष्कार केन्द्र, जग्गा, भवनलगायत भौतिक अवस्थाका बारेमा मुख्यमन्त्री अधिकारीलाई बुझाएको बताउनुभयो । उहाँले नेपालमै पहिलो पटक स्पोर्ट्स म्यानेज्मेन्टको पढाइ सुरु गरेको भन्दै विद्यार्थीको राम्रो आकर्षण रहेको जानकारी गराउनुभएको थियो । स्पोर्ट्स म्यानेज्मेन्टसँगै विश्वविद्यालयले व्याचलर इन फार्मेसी, व्याचलर इन आइटी, बिएएलबी र बिबिएको कक्षा पनि सुरु गरेको छ। अविष्कार केन्द्रबाट उत्पादन गर्न लागेका सामानको बारेमा पनि जानकारी गराएको उहाँले बताउनुभयो । पढाइ, अनुसन्धान र अविष्कारमा जोड दिएको विश्वविद्यालयले अुनसन्धानतर्फ कोदो रक्सीको ब्रान्डिङको काम गरिरहेको छ। कार्यक्रममा कुलपति गुरुङसँगै उपकुलपति प्राडा नवराज देवकोटा, रजिस्ट्रार डा कैलाश तिमिल्सिना, डिन डा. कपिल अधिकारी, योजना प्रमुख सन्दिप कोइराला, अधिकृत ईश्वर सुवेदी उपस्थित हुनुहुन्थ्यो।

## १० गैँडा मरे

**रासस**
**चितवन, ६ माघ**

चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्ष २०७९/८० मा १० दुर्लभ एक सिङ्गे गैँडा मरेका छन्।

चालू आवको पहिलो छ महिनामा मरेका १० मध्ये सात गैँडा प्राकृतिक कारणबाट, एक विद्युत् करेन्ट लागेर र दुई चोरी निकासी गर्ने तस्करका कारण मरेका निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो । शुक्रबार पूर्वी नवलपरासीमा तस्करले विद्युतीय धरापमा पारेर

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मोबाइल बैंकिङप्रति सेवाग्राहीको आकर्षण

**रासस**
**काठमाडौं, ६ माघ**

पछिल्लो समय मोबाइल बैंकिङप्रति सेवाग्राहीको आकर्षण बढ्न थालेको छ। बैंकमा गएर पैसा निकाल्नेभन्दा मोबाइल बैंकिङबाट नै भुक्तानी गर्नेको संख्या बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

नेपाल राष्ट्र बैंकले इलाममा शुक्रबार आयोजना गरेको डिजिटल बैंकिङ साक्षरता कार्यक्रममा मोबाइल बैंकिङ, वालेट, क्युआर कोड प्रयोग गर्नेको संख्या वृद्धि हुँदै गएको जानकारी दिइएको हो । सो अवसरमा नेपाल राष्ट्र बैंकका सहायक निर्देशक प्रकाश राईका अनुसार १८ लाख जनाले डिजिटल बैंकिङ प्रयोग गर्ने गरेको बताउनुभयो।

त्यस्तै एक करोड ५५ लाख जनाले वालेट प्रयोग गर्ने गरेका छन् । क्युआरबाट मात्र हरेक महिना २० अर्बको कारोबार हुने गरेको छ।

इन्टरनेट वालेट सञ्चालनका लागि २७ वटा कम्पनीले अनुमति पाएका छन् । सबै हाल सञ्चालनमा नरहेको सहायक कार्यकारी निर्देशक राईले बताउनुभयो । वार्षिक रुपमा इन्टरनेटबाट कारोबार गर्नेको सं्या वृद्धि हुँदै गएको प्रतिवेदनमा उल्लेख छ। पछिल्लो समय इन्टरनेटबाट नै रकम कारोबार गर्ने बढे पनि यसमा चुनौती बढेको सहभागीको भनाइ छ । यसले नियामक निकायलाई चुनौती बढेको भन्दै सजग भएर प्रविधिको प्रयोग गर्न सेवाग्राहीलाई आग्रह गरिएको छ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भगवत आचार्यले सो अवसरमा एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले पछिल्लो समय प्रविधिबाट कारोबार गर्ने बढे पनि झुक्याएर रकम निकाल्ने गिरोह सक्रिय रहेको बताउनुभयो । उहाँले विद्युतीय माध्यमबाट कारोबार बढेपछि देशलाई फाइदा मिल्ने उहाँको भनाइ थियो।

## हिमचितुवाको फोटो खिच्ने टासीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**दमौली, ६ माघ**



अती दुर्लभ मानिने हिमचितुवाको तस्वीरबाट अन्तराष्ट्रिय बन्यजन्तु तथा बातावरण क्षेत्रमा चर्चित नेपालका वाइल्डलाइफ फोटोग्राफर टासी आर घले फोटोग्राफरहरुकै संस्था फाटोग्राफर संघ गण्डकीद्धारा सम्मानित भएका छन।

बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय फोटोग्राफी पुरस्कार र सम्मान पाई सकेका चर्चित ब्यक्तित्व घलेलाई ब्यास न.पा. तनहुँको तनहुँसुरमा गण्डकी फोटोग्राफर संघ गण्डकीको आयोजनामा भएको सम्मान कार्यक्रममा संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेलले दोसल्ला ओढाई सम्मान पत्र सहित सम्मान गरेका छन। कार्यक्रममा टासी आर घलेले दुर्लभ बन्य जन्तु त्यसमाथी पनि अत्यन्त कठिन हिमाली क्षेत्रमा रहने हिउचितुवाको तस्वीर खिच्नका लागी एक फोटोग्राफरका नाताले गरेका संघर्ष र त्यसबाट पाएको उपलब्धी बारे चर्चा गरेका थिए।

ब्यास न.पा. तनहुँको तनहुँसुर देवस्थल सामुदायिक होमस्टेमा भएको सो कार्यक्रममा गण्डकी प्रदेशका बिभिन्न जिल्लाका फोटोग्राफरहरुको उपस्थिती रहेको थियो । स्थानिय ब्यवस्थापन फोटोग्राफर एसोसियसन तनहुँले गरेको थियो भने कार्यक्रमको सञ्चालन संस्थाका सचिव तुलसीराम सुबेदीले गरेका थिए।

फोटोग्राफर संघ गण्डकीको आयोजनामा भएको सो कार्यक्रममा उपस्थित सहभागीहरुले तनहुसूर ऐतिहासिक दरबार, गढी र सहिदस्मारक पार्क लगायत पुरानो हटिया बजारको बदलिदो स्वरुपबारे पनि अवलोकन गरेका थिए । सोही दिन तनहू फोटोग्राफर एसोशियसनले आयोजना गरेको फोटोग्राफर हरुका लागि फोटोपत्रकारिता प्रशिक्षण कार्यक्रम पनि सञ्चालन भएको थियो। गण्डकी प्रदेशका लमजुड., मनाड., पर्वत, कास्की र तनहुका फोटोग्राफरहरु संलग्न रहेको सो फोटोग्राफरका लागि फोटोपत्रकारिता तालिम कार्यक्रममा पत्रकार घनश्याम पौडेलले प्रशिक्षण दिएका थिए। साथै नेपाल फोटोपत्रकार संघ कास्कीका अध्यक्ष समेत रहेका फोटोग्राफर संघ गण्डकीका अध्यक्ष दुर्गा प्रसाद पौडेलले समेत आफ्नो फोटोपत्रकारिताका अनुभव आदनप्रदान गरेका थिए।

२ दिन संम्म चलेको सो कार्यक्रममा अन्य सम्मानका कार्यक्रम लगायत यस क्षेत्रका फोटोग्राफरहरुलाई आगामी दिनमा आफ्नो पेशा तथा ब्यक्तित्व बिकासमा के कसो गर्न सकिन्छ भन्ने बारेमा समेत छलफल भएको थियो। स्थानिय तनहूसुरको देवस्थल सामुदायिक होमस्टे र त्यसले गाउलेमा पारेको प्रभावबारे होमस्टेका अध्यक्ष मदन आलेले प्रकास पार्दै होमस्टे सञ्चालन अगाडी गाउघरको सरसफाई र चेतनामा होमस्टे सञ्चालन पछि आएको परिवर्तनले धेरै प्रभाव पारेको बताएका थिए । कार्यक्रममा लमजुड. फोटोग्राफर संघका अध्यक्ष मिलन शर्मा दनाइ, मनाङ फोटोग्राफर संघका अध्यक्ष नविन लामिछाने अंकुर, पर्वत फोटोग्राफर संघका अध्यक्ष नारायण बहादुर के सी, पोखरा फोटोग्राफर संघका अध्यक्ष रामचन्द्र पोख्रेल, फोटोग्राफर एशोशियशन तनहुँका अध्यक्ष आलोक कुमाल, मिराज विडिड. फोटोग्राफी एवार्डका संस्थापक भक्त तामाड. साथै स्थानिय कार्यक्रम ब्यावस्थापक तथा तनहू फोटोग्राफर संघका भूपू अध्यक्ष बलभद्र श्रेष्ठ, फोटोग्राफर एशोशियशन तनहुँका सल्लाहकार कुमारमोहन श्रेष्ठ लगायतले आफनो मन्तब्य राखेका थिए। सोहि कार्यक्रममा तनहू फोटोग्राफर एशोशियसनले तनहूका अग्रज फोटोग्राफर बालकृष्ण श्रेष्ठलाई दोसल्ला ओढाई सम्मान गरेको थियो।



# हिसान फुटसल कास्की जिल्ला छनौट शुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ माघ

हिसान गण्डकीको आयोजनामा पोखरामा प्रथम हिसान फुटसल प्रतियोगिताको कास्की छनौट प्रतियोगिता शुरु भएको छ। प्रतियोगितामा शुक्रबार १३ खेल सम्पन्न भएका छन् । प्रतियोगिताको हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले रेफी सन्तोष गुरुङलाई बल हस्तान्तरण गर्दै उद्घाटन गरे।



सविन मेमोरियल क्लबको व्यवस्थापनमा भएको प्रतियोगिताको उद्घाटन खेलमा बालोदय माविले मदरल्याण्ड माविलाई १-० ले गोलले हरायो । त्यसै गरी दोस्रो खेलमा लिटिल स्टेपले स्टेपबाइस्टेपलाई २-० गोलले, स्पाइरल ग्यालरीले मर्निङस्टार स्कुललाई ट्राइबेकरमा हराएको छ। निर्धारीत २० मिनेटको खेलमा २-२ गोलको बराबरी भएपछि खेल ट्राइबेकरमा पुगेको थियो । शुक्रबार नै भएको चौथो खेलमा सगरमाथाले न्यु मोडललाई ४-१ ले, केफले न्यु ग्यालेक्सिलाई ३-२ ले शिसुनी केतनले मदरल्याण्ड ए लाई ३-० ले, माउण्ट अन्नपुर्णले हिल प्वाइटलाई ४-१, जेसिएले पोखरा मल्टिमोडललाई ४-१ ले हराउदै अर्को चरणमा प्रबेश गरेका छन्।

२९ टिमले सहभागी प्रतियोगितामा ९ औं खेलमा डाइमण्ड स्कुलले न्युलाइटलाई २-१ ले, सृजनास्कुलले बालकल्याणलाई ४-१ ले, नेपाल आर्दश आवासियले रेम्बो एकेडेमीलाई ४-३ ले, ग्लोबल कलेजियटले पोखरा आर्दशलाई ७-३, कास्की मोडनाइजले सोसल पब्लिकलाई ५-० हरायो। प्रतियोगितामा हिसान गण्डकीको सदस्य विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन् । कास्की जिल्लाबाट ८ टिम छनौट भै प्रदेशस्तरीय प्रतियोगितामा सहभागीता जनाउने छन्। जिल्ला स्तरीय प्रतियोगिताको विजेता र उपविजेता टिम र उत्कृष्ट खेलाडीले मेडल, प्रमाणपत्र र ट्रफि प्राप्त गर्ने छन्।

कास्कीबाट ८ र अन्य जिल्लाबाट ८ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले जानकारी दिए । फागुन पहिलो साता प्रदेशस्तरीय प्रतियोगिता हुने उनले बताए। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन् । पोखरा ४ गैरापाटनमा रहेको वि-फिट फुटसलमा छनौट प्रतियोगिता चलेको छ । प्रतियोगिताको उद्घाटन कार्यक्रममा हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराल, हिसान कास्कीका निर्वतमान अध्यक्ष डा रामजी शर्मा, सचिब ढाकाराम कँडेल लगाएतले प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोगी हुने बताए।



युनाइटेड क्लब पोखराद्वारा आयोजित ११ औं सङ्स्करणको पोखरा महोत्सवमा शुक्रबार एक बालकको गालामा चित्र कोर्दै चित्रकार। तस्बिरः ऋषिराम बराल, रासस

# पोखरा महोत्सवमा दर्शकको भीड, ७ करोडको कारोबार

पोखरापत्र संवाददाता
पोखरा, ६ माघ



पोखराको अमरसिंह चौरमा जारी एघारौं पोखरा महोत्सवको दशौं दिनसम्म आइपुग्दा १ लाख ७० हजार दर्शकले महोत्सवको प्रत्यक्ष अवलोकन गरेका छनभने ७ करोड बरावरको कारोवार भएको छ।

महोत्सवमा आउने अधिकांश दर्शकहरुले स्टलमा राखिएका सामाग्री किनमेल गर्नेको समेत घुइचो बढेको हो । स्टलमा राखिएका विशेष गरी जाडो यामका लत्ता कपडा संगै घरायसी सामाग्रीहरु किनमेल गर्नेहरुको घुइचो बढेको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महोत्सवको दशौं दिन चर्चित दोहोरी गायक आलिफ खानको एकल र दोहोरी मार्फत दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिएभने खान संगै जीवन दाहाल, शिवहरी ढुंगाना, रेशम निर्दोश, ज्योती लोहोनी, कमला गैरे, चिना थापा लगायतको प्रस्तुती मार्फत दर्शकहरुले मनोरन्जन लिएका थिए। त्यसैगरी महोत्सवमा हास्य प्रहसन तर्फ राजेन्द्र गिरी जादुगर गुन्द्रुके र मुना गिरीको प्रहसन र २३ इन्चका मनोज गोर्खालीको नृत्यले दर्शकहरुको मन जित्न सफल भएको थियोभने साँझको लाइभ कन्सर्टमा अनुप्रस्थाको प्रस्तुती मार्फत युवाहरुले भरपुर मनोरन्जन लिएको प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सवमा शनिवार लोकदोहोरी तर्फ चर्चित लोकदोहोरी गायक रामजी खाँड, जीवन दाहाल, शिवहरी ढुंगाना, कृष्ण अखेली, सुदीप क्षेत्री, घनश्याम रिजाल, सुमन खड्का, सविना गुरुङ, माया केसी, पुजा गुरुङको प्रस्तुती रहनेछभने कार्यक्रमको सञ्चालन नेत्रपाणी बास्तोलाले गर्नेछन।

त्यसैगरी महोत्सवमा शनिवार पुरुषोत्तम भण्डारी (पुर्खे बा) को हास्य ब्यंग्य प्रहसन र साँझको लाइभ ब्याण्डमा भिटेनको प्रस्तुती रहने छ।

# सहकारी क्षमता तथा कोपोमिस सम्वन्धी तालिम

पोखरापत्र संवाददाता
पोखरा, ६ माघ

पोखरा महानगरपालिका सहकारी शाखाको आयोजनामा पोखरामा रहेका सहकारीमा कार्यरत कर्मचारीहरुका लागि २ दिने सहकारी क्षमता तथा कोपोमिस सम्वन्धी अनुशिक्षण कायक्रम पोखरामा आज समापन भएको छ।



पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले प्रत्येक सहकारीले

कोपोमिस प्रणाली प्रयोग गर्नुपर्ने आवश्यक रहेको बताउदै नितिनियम, ऐनकानुन पालना गर्नुपर्ने र यस तालिम पश्चात आफुले जानेको सिकेको पालना गर्नुपर्न र अरुलाई पनि सिकाउन अनुरोध गर्नुभयो।

पोखरा महानगरपालिका सहकारी समितिका सदस्य नारायण प्रसाद आचार्यले कोपोमिस प्रणाली सञ्चालनका लागि आवश्यक पूर्वाधारहरुका बारेमा जानकारी दिदैं कारबाहिबाट जोगिन आँफु सजग हुनुपर्ने र प्रत्येक डाटाहरु प्रविष्ट गर्नुपर्ने बताउनुभयो। तालिम कायक्रमका प्रशिक्षकहरु पोखरा महानगरपालिकाका सहकारी शाखा प्रमुख भरतराज पौडेलले अबको आर्थिक वर्षबाट महानगरपालिकाले सहयोग नगर्ने बताउदैं कानुन जानेको छैन भनेर कोहि उम्कन नपाउने बताउनुभयो।

पोखरा महानगरपालिका सहकारी समितिका सदस्य दिपक प्रकाश आचार्यले गन्तव्यमा पुग्न अनुरोध गर्दै अन्ठ्यारोमा साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कोपोमिसका कारणले सरकारबाट आउने सेवा र सुविधाहरु कुनैपनि सहकारीको नरोकियोस् भनि कामना गर्नुभयो। प्रशिक्षार्थीहरुका तर्फबाट मान्द्रेढुङ्गा बहुउद्धेश्यीय सहकारीका व्यवस्थापक नरेन्द्र घिमिरेले कार्य समितिमा बसेर काम पनि गरेको र अहिले व्यवस्थापक पनि भएर काम गर्दा धेरै झन्झट भएको तर पनि क्रमश कोपोमिस प्रणालीका सम्पुर्ण कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

तालिम कायक्रमका प्रशिक्षकहरु पोखरा महानगरपालिकाका सहकारी शाखा प्रमुख भरतराज पौडेल, ऋषीराम सापकोटा, रविरमण तिवारी, पोखरा महानगरपालिका सहकारी समितिका सदस्य दिपक प्रकाश आचार्य रहेका थिए। महानगरपालिकाका सहकारी शाखाका सिता पराजुलीले कार्यक्रममा १५ जना प्रशिक्षार्थीहरु रहेको जानकारी दिनुभयो। पोखरा महानगरपालिका सहकारी समितिका सदस्य दिपक प्रकाश आचार्यले कार्यक्रममा पहिलो दिन सहकारीको आधारभूत मुल्य मान्यता तथा सहकारीको सिद्धान्तहरु, सम्पत्ति शुद्धिहरण तथा सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका, सहकारी लगत व्यवस्थापन, अभिलेख व्यवस्थापन सहकारी सस्थालाई पासवर्ड लगईन वितरण सूचना हेर्ने साथै नेपाली टाईप गर्ने र सोको अभ्यास पनि गराइएको जानकारी दिनुभयो । ऋषीराम सापकोटाले दोस्रो दिनको तालिममा आवश्यक पुर्वाधार, समष्टिगत विवरण र सोको अभ्यास, सहकारीको सदस्यता विवरण प्रविष्टि र विवरण प्रविष्टि तयारी, जेपीजी फाईल, पिडिफ फाईल बनाउने र अपलोड कार्यहरुको जानकारी तथा सोको अभ्यास, मासिक विवरण, बार्षिक विवरण सुचना पोष्ट गर्ने प्रयोगात्मक अभ्यास, सहकारी संस्थाहरुको समितिको नामावली तथा साधारण सभाको जानकारी र विविध कार्यक्रम रहेको जानकारी दिनुभयो।

# महतोलाई पक्राउ गर्न प्रहरीलाई गृहको निर्देशन

रासस
काठमाडौं, ६ माघ

गृहमन्त्रालयले महोत्तरी जिल्लाको गौशाला नगरपालिका-२ का लक्ष्मी महतो कोइरीलाई कानुन बमोजिम पक्राउ गरी कारवाही गर्न प्रहरीलाई निर्देशन दिएको छ।

मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी प्रेमबहादुर विकको जाहेरीले कर्तव्य ज्यान मुद्दामा प्रतिवादी रहेका महतोलाई पक्राउ गरी कारवाही गर्न उपप्रधानमन्त्री एवम गृहमन्त्री रवि लामेछानेबाट पटकपटक मौखिक निर्देशन भएकोमा हालसम्म पक्राउ नपरेकोप्रति गम्भिर ध्यानाकर्षण भएको जनाउँदै पक्राउका लागि निर्देशन दिएको हो । 'निज प्रतिवादीलाई कानुन मबोजिम पक्राउ गरी तत्काल कारवाही अघि बढाउन मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको व्येहोरा अनुरोध छ', मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ।

# नेलम्बो नेपालको निःशुल्क दन्त शिविर हुने

पोखरापत्र संवाददाता
पोखरा, ६ माघ

नेलम्बो नेपालको आयोजनामा पोखरा २२ (पुम्दी भुम्दी) मा यही माघ ८ गते देखि निःशुल्क दन्त शिविर हुने भएको छ।

पोखरा २२ को वडा कार्यालय परिसरमा यही माघ ८ देखि १२ गतेसम्म दन्त शिविर हुने भएको कार्यकम संयोजक भिम प्रसाद भण्डारीले बताए।

उक्त शिविरमा दाँत परिक्षण, दाँत भर्ने, दाँत निकाल्ने, दाँतको एक्स रे, दाँतको गिजाको उपचार, दाँतको आरसिटि(जरैबाट) भर्ने लगायतको सेवा हुने भएको संयोजक भण्डारीले बताए। उक्त शिविरमा निःशुल्क औषधि समेत वितरण समेत गनिरे भएको छ। दाँत सम्बन्धि अत्याधुनिक उपकरण साथमा दक्ष चिकित्सक तथा प्राविधिक टोली एंव मोवाईल डेण्टल भेन समेत उक्त शिविरमा परिचालन हुने भएको नेलम्बो नेपालले जनाएको छ।

डा.सिजन मर्सानी सहितको ९ जनाको टोली उक्त शिविरमा खटिने भएको छ।

# १० गैंडा...

मारेका दईसहित मरेका गैंडाको सङ्ख्या १० पुगेको हो। सूचना अधिकारी तिवारीकाअनुसार शुक्रबार पूर्वी नवलपरासीको मध्यविन्दु-२ स्थित नारायणी नदी किनारमा मृत भेटिएका दुबै गैंडा तस्करले थापेको विद्युतीय धरापमा परेर मरेका हुन्। मृत फेला परेका दुईमध्ये अन्दाजी १४ वर्षको पोथी गैंडाको खाग काटिएको अवस्थामा फेला परेको हो । अर्को अन्दाजी चार वर्षको बच्चा गैंडाको भने खाग सुरक्षित रहेको तिवारीले जानकारी दिनुभयो । तस्करले माउ गैंडालाई थापेको धरापमा परेर बच्चा गैंडा पनि मरेको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको तिवारीले बताउनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

